नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ९५२

मितिः२०८३/०६/२२

ने.सं. ११४६

श्री स्थानीय तह, सबै ।

विषयः राय/सुझाव उपलव्ध गराउने सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि वन तथा पर्यावरण मन्त्रालयको प.सं०८३/८४, च.नं.९०, मिति २०८३/०६/२१ को पत्रमार्फत अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि,२०८२ र अनुदानित मल वितरण सूचना प्रणालीको कार्यन्वयनको क्रममा देखा परेका समस्याहरु समाधान गरी थप प्रभावकारी बनाउन आवश्यक भएकोले कार्यविधि र प्रणालीमा संशोधन र परिमार्जन गर्नुपर्ने विषयहरु तयार गरी मिति २०८३/६/२८ गते भित्र कृषि वन तथा पर्यावरण मन्त्रालयको कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखामा आइपुग्ने गरी उपलव्ध गराउन अनुरोध भई आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..........................

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाःसबै स्थानीय तहमा ईमेल मार्फत प्रेषित गरी वेवसाईटमा समेत अपलोड गरिदिनुहुन

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विकास महाशाखा

कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र सङ्ख्याः ०८३।८४

चलानी नं.: ९०

संघीय मामिला महाशाखा
दर्ता नं.: २३६
मितिः ६।२३

मितिः २०८३/०६/२१

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २२८५
मितिः ६।२२

विषयः पत्राचार गरिदिने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा, स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाडौं।

उपरोक्त सम्बन्धमा मलको सहज र सुलभ आपूर्ति मार्फत कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा देशको आर्थिक समृद्धिमा योगदान गर्न तथा लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा उपलब्ध गराइने रासायनिक मलको आपूर्ति तथा बिक्री वितरण कार्यलाई व्यवस्थित, पारदर्शी एवं प्रभावकारी बनाउन "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२(दोस्रो संशोधन) कार्यान्वयनमा रहेको छ ।साथै सोही कार्यविधि बमोजिम अनुदानित मलको आपूर्ति तथा वितरणको पारदर्शीताका लागि अनुदानित मल वितरण सूचना प्रणाली प्रयोगमा रहेको छ । उक्त स्वीकृत कार्यविधिको कार्यान्वयनमा आएका समस्याहरु समाधान गरि थप प्रभावकारी बनाउन कार्यविधिमा संशोधन हुनु पर्ने विषयवस्तुहरु र अनुदानित मल वितरण सूचना प्रणालीमा (FMS) परिमार्जन/थप गर्नुपर्ने विषयवस्तुहरु मिति २०८३।०६।२८ गते भित्र उपलब्ध हुन गरी तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८३।०६।२१

रजनिश मिश्र
माटो विज्ञ

नोटःअनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२(दोस्रो संशोधन) मन्त्रालयको वेवसाईट www.moafe.gov.np मा अपलोड गरिएको छ ।

सादर अवगतार्थः
माननीय मन्त्री (कृषि, वन तथा पर्यावरण मन्त्रालय) ज्यूको सचिवालय

संघीय मामिला तथा स्थानीय स्रोत परिचालन शाखा
- [ ] क्षमता विकास शाखा
- [ ] प्रदेश तथा स्थानीय तह समन्वय शाखा
- [x] विपद् व्यवस्थापन तथा सामाजीक समावेशीकरण शाखा
- [ ]

०६।२२